परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक


'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'
कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।
प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

❑ वर्ष १४ ❑ अंक ४७ २०८३ अषाढ २१ आईतवार Sunday, 28 JUL 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## मानव सम्वेदनशीलता नबुझी पत्र पठाएकोमा क्षयरोग संस्थाको आपत्ती




विराटनगर। कोशी अस्पतालका मेडिकल सुपरीटेन्डेन्टले मानव सम्वेदनशिलता नबुझी क्षयरोग निवारण संस्था मोरंगलाई जग्गा खाली गर्ने पत्र पठाएकोमा संस्थाका कार्वाहक अध्यक्ष भैरव क्षेत्रीले आपत्ती जनाएको छ।

संस्थाको अगाडी आम नगरिकलाई ध्यानाकर्षन हुने उदेश्यले पत्रकार सम्मेलन गरी मानव सेवामा समर्पित, क्षयरोगलाई विनारण गर्न उदेश बोकी काम गर्दै आएको सस्थालाई अषाढ ५ गते १५ दिने सूचना प्रशासन गरी जग्गा खाली गरी दिन गरिएको परिपत्र मानव सम्वेदनशीलता लाई नबुझी गरीएको परिपत्र आपत्ती जनक रहेको अध्यक्ष क्षेत्रीले वताए।

संस्थापक अध्यक्ष स्व. मातृका प्रसाद कोईरालाले २०१६ सालमा स्थापना गरेको नेपाल क्षयरोग निवारण संस्था अहिले सुकुम्बासी भएको भन्दै पहिले कोशी अस्पतालले नै संस्थालाई भाडा तिरी रहेको थियो। अहिले त्यही संस्थालाई जग्गा खाली गर्न अलटिमेटम आएको वहाँको भनाई छ।

उक्त जग्गा सम्वन्धि विवादमा उच्च अदालत विराटनगरले मानवीय सेवा प्रदान गर्ने नेपाल क्षयरोग संस्थालाई अन्यत्र व्यवस्थापन गरी मात्र खाली गर्नु गराउनु निर्देशनात्म आदेश दिएकोमा हामीले तीनै तहको सरकारलाई घचघचाएका छौं तर हाम्रो अवाज सुनेका छैन। नेपाल क्षयरोग संस्थालाई व्यवस्थापन गरी दिए हामी छोडेर जान तयार छौ अध्यक्ष क्षेत्रीको भनाईछ।

मानवीय सेवाको हिसावले पनि संस्थामा उपचार गराई रहेका विरामीहरुलाई कि त कोशी अस्पतालले जिम्मा लिनु पऱ्यो कि त व्यवस्थापन गरी

बांकी अन्तिम पेजमा...

## अध्याधुनिक स्कुल अफ नर्सिङ सञ्चालनमा

विराटनगर। नेपालको नर्सिङ शिक्षाको इतिहासमा एक नयाँ अध्याय थपिएको छ। नर्सिङ शिक्षालाई प्रविधिमैत्री, सीपमूलक र अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको बनाउने लक्ष्यका साथ बिराट मेडिकल कलेज टिचिङ हस्पिटलले नेपालमै पहिलोपटक अत्याधुनिक पूर्वाधारयुक्त 'स्कुल अफ नर्सिङ' सञ्चालनमा ल्याएको छ।

हस्पिटलको पाँचौं तल्लामा करिब १९ हजार वर्गफिट क्षेत्रफलमा निर्माण गरिएको डेडिकेटेड स्कुल अफ नर्सिङको उद्घाटन संस्थाका संस्थापक अध्यक्ष प्रा. डा. ज्ञानेन्द्र मान सिंह कार्की र संस्थापक उपाध्यक्ष डा. इरिना कार्कीले संयुक्त रूपमा गरेका छन्।

नेपालमै पहिलो पटक डेडिकेटेड विएसी नर्सिङ र नर्सिङ प्रयोग्रामका लागि अत्याधुनिक सुविधा सम्पन्न विभाग स्थापना भएको संस्थाका संस्थापक अध्यक्ष प्रा. डा. ज्ञानेन्द्रमान सिंह कार्कीले वताए। स्कुल पहिलादेखि नै सञ्चालनमा रहेको भए पनि हाल आधुनिक भौतिक पूर्वाधारसहित नयाँ रूपमा सञ्चालनमा आएको प्रिन्सिपल प्रा. डा. सन्तोष उपाध्याय काफ्लेले जानकारी दिए।

कलेजका अनुसार स्कुलमा फन्डामेन्टल अफ नर्सिङ स्किल ल्याब, मिडवाइफ्री नर्सिङ स्किल ल्याब, चाइल्ड हेल्थ स्किल ल्याब, कम्युनिटी हेल्थ नर्सिङ ल्याब तथा न्युट्रिसन एन्ड डाइटेटिक्स ल्याब लगायतका विश्वस्तरीय प्रयोग शालाहरू र अत्याधुनिक प्रविधियुक्त कक्षाकोठा तथा प्रशिक्षण केन्द्रहरू निर्माण गरिएका छन्।

विद्यार्थीहरूले वास्तविक अस्पतालको वातावरणमा आधारित सिकाइ अनुभव प्राप्त गर्न सक्ने गरी सञ्चालन शल्यक्रिया कक्ष (ओटी), नवजात शिशु सघन उपचार कक्ष (एनआईसीयू), प्रसूति कक्ष (लेबर रुम) र सघन उपचार कक्ष (आईसीयू) को वातावरणलाई अनुकरण गर्ने सिमुलेसन-आधारित शिक्षण प्रणाली विकास गरिएको कलेजले जनाएको छ। यसमार्फत विद्यार्थीहरूले वास्तविक बिरामीको

बांकी अन्तिम पेजमा...

## ऐतिहासिक पोखरी : धनपालथान गाउँपालिकाको हराएको वैभव

**- श्याम सुन्दर सुतिहार**

९२ वर्षका धनेश्वर मण्डल (दास) बेलाबेलामा गाउँको पुराना पोखरीहतिर आँखा डुलाउँछन्। धनपालथान गाउँपालिका वडा नं. २ का यी वृद्धको आँखाले ती पोखरीहरू देख्छन् तब उनको मानसपटलमा आफ्ना बाजे-बराजुको पालाका कथाहरू ताजा भएर आउँछन्।

–यी पोखरीहरू मान्छेले होइन, भूतप्रेतले एकै रातमा खनेका हुन्।' धनेश्वर बाबुबाजेले सुनाएको लोककथा सम्झिँदै गम्भीर मुद्रामा भन्छन्, 'अमाही, जटहा, भूतहा, बरियाती, ठनठनीया र गदिया नदी छेउका पोखरीहरू यसरी नै खनिएका थिए रे! त्यस समय भूतप्रेतले कुल ६४ वटा ठूलठूला पोखरीहरू खनेका थिए रे, तीमध्ये सातवटा पोखरीहरू यहाँ रहेका कारण हाम्रो गाउँ टाढा टाढासम्म चिनिएको थियो।'

विगतमा कुनै समय यी पोखरीहरू केवल पानी जम्मा हुने खाल्डा मात्र थिएनन्, बरु स्थानीय जीवनशैली, संस्कृति र सामाजिक सद्भावका जीवन्त केन्द्र थिए। विवाह, व्रतबन्ध, पूजापाठदेखि मृत्यु संस्कारसम्म पानी अनिवार्य चाहिन्थ्यो। पानीको स्रोत पोखरी नै हुन्थे। अचम्मको कुरा त, उहिले गाउँमा भोजभतेर हुँदा खाना पकाउने र खाने भाँडाकुँडा समेत गाउँलेहरूले पोखरीमा अएर माग्ने र केही समयमा पोखरीले उपलब्धगराउने गर्दथे भन्ने जनविश्वास थियो।यसरी पाइएको भाँडाकुँडा काम सकिएपछि पोखरीमा लगेर फिर्ता दिनुपर्दथ्यो। गाउँलेहरू मध्ये कसैले पोखरीबाट ल्याएका भाँडाकुँडा फिर्ता गरेनन्। त्यसपछि पोखरीले भाँडाकुँडा दिन बन्द गर्यो।

समय बदलियो। गाउँमा इनार र कुवाको ठाउँ ट्युबवेलले लियो।पशुपालन घट्दै गयो। ती ऐतिहासिक पोखरीहरू बिस्तारै उपेक्षाको शिकार बन्दै गए।

एक्कासी हराएको सामूहिकता र वैभव

भारतको विहार राज्यसँग सिमाना जोडिएको धनपालथान गाउँपालिका कृषि उत्पादनका लागि उर्वर भूमि हो। यहाँका झण्डै ८४ प्रतिशत जनता अहिले पनि कृषि पेशामै आधारित छन्। पूर्वमा रंगेली, पश्चिममा जहदा र उत्तरमा कटहरी गाउँपालिका सँग जोडिएको यो क्षेत्र बहुसांस्कृतिक छ। यहाँ उच्चवर्ग, आदिवासी जनजाति, दलित र पिछडावर्गको साझा बसोबास छ।

गाउँपालिकाभित्र ५५ वटा ग्रामथान, ६२ वटा मन्दिर, १५ वटा मस्जिद र ४ वटा चर्च जस्ता १३६ वटा धार्मिक धरोहरहरू सुरक्षित छन्। तर, विडम्बना, गाउँको जैविक विविधता र सिँचाइको मुख्य स्रोत मानिएका सरकारी तथा सार्वजनिक पोखरीको भने सुरक्षा हुनसकेको छैन। वास्तविक तथ्याङ्क समेत

वांकी अन्तिम पेजमा...



क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## मानव...

दिन माग गर्दै क्षयरोग संस्थालाई वचाउन नागरिक समाज, बुद्धिजीवी, पत्रकारहरुलाई संस्थाले आग्रह गरेको छ ।

अस्पतालको नाममा ५ बिघा ८ कठ्ठा ९ धुर जग्गा छ । जसमध्ये अस्पतालको दक्षिण खण्डमा नेपाल क्षयरोग निवारण संस्था, नेपाल रेडक्रस सोसाइटी, देवकोटा पुस्तकालय र गणेश मन्दिर निर्माण गरिएको छ । क्षयरोग निवारण संस्थाले करिब ११ कट्ठा जग्गा भोग चलन गर्दे आएकोमा २ कट्ठा ११ धुर जग्गामा गणेश मन्दिर निर्माण भएको छ भने केही जग्गा अस्पताललाई संस्थावाट उपलब्ध गराएको थियो ।

## ऐतिहासिक...

गाउँपालिकासँग छैन ।

धेरैजसो पोखरीहरू विगतमा स्थानीय जमिनदारहरूले मानव कल्याण र धार्मिक विश्वासका कारण खनाएका थिए। धनपालथान वडा नं. ७ का ३५ वर्षीय इन्द्रदेव यादवका अनुसार उनी ऐतिहासिक पात्र राजा दासका परपोता ( पनाति) हुन् । इन्द्रदेव भन्छन्, 'हाम्रा पुर्खा र गाउँका जिमिदारहरूले आफ्नै निजी जग्गामा ठूला-ठूला पोखरी खनाएका थिए । पछि ती पोखरी भएको जग्गाको तिरो (कर) तिर्न नसकेपछि सबै सरकारीकरण भएका हुन् ।'

ती पोखरीहरू ४ देखि ५ विगाहासम्मको क्षेत्रफलमा फैलिएका छन्। सयौँ विगाहा जमिन ओगटेका यी प्राकृतिक सम्पदाहरू अहिले उचित संरक्षणको अभावमा फोहर फाल्ने ठाउँ बनिरहेका छन् ।

पालिकाभित्र रहेका पोखरी हरू:

- वडा नं. १ : सुडयारी पोखरी, बटेश्वर घर पश्चिमको पोखरी, कुम्भी पोखरी, दहिपौरा पोखरी, ठूलो पोखरी र गोडियारी पोखरी (६ वटा) ।
- वडा नं. २ : सूर्यनारायण पोखरी, गोसाई पोखरी, बरियाती पोखरी, गुरुदयाल पोखरी र महथा पोखरी (५ वटा) ।
- वडा नं. ४ : सिमराहा पोखरी र लखन्तरीको भट्ठी पोखरी ( हाल विद्यालयको अधीनमा) ।
- वडा नं. ५ : बविया टोल पोखरी ।
- वडा नं. ६ : महतो टोल पोखरी ।
- वडा नं. ७ : राजा दास पोखरी ।

नोटः वडा नं. ३ मा बाहेक सबै वडामा पोखरी छन् ।)

ठेक्काको हतारो,
संरक्षणमा सुस्तता

गाउँपालिकाले पोखरीको दीर्घकालीन संरक्षण र संवर्द्धनमा खासै ठोस काम गरेको देखिँदैन । यद्यपि, आम्दानीको स्रोतका रूपमा पोखरीहरू ठेक्का लगाउन भने गाउँपालिका पछि पर्दैन । पोखरीबाट गाउँपालिका ले ठेक्का लगाएर पैसा त उठाउँछ, तर यसको संरक्षण किन गर्दैन ? भन्ने प्रश्न गाउँलेहरूको छ । यस विषयमा वडा नं. ७ का अध्यक्ष सन्तोष यादव लाचारी व्यक्त गर्दै भन्छन्, 'सबै पोखरीहरूको ठेक्का गाउँपालिकाले नै लगाउँछ र आम्दानी पनि त्यहीँ जान्छ । हामीले अन्य धार्मिक स्थानहरूको संरक्षण त गरेका छौं । तर पोखरीहरू धेरैजसो अतिक्रमणमा परेकाले तत्काल केही गर्न सकिएको छैन ।'






अतिक्रमणको खतरा र गाउँपालिकाको आश्वासन

कुनै समय गाउँलेहरू मिलेर सामुदायिक श्रमदानमार्फत पोखरी सफा गर्दथे । तर, आधुनिकतासँगै त्यो सामूहिक भावना हराएको छ । अचेल पोखरीहरूमा माटो थुप्रिँदै गएको छ । झारपातले ढपक्कै ढाकेको छ । पोखरी वरपर फोहोर फाल्ने प्रवृत्ति बढेको छ ।

पोखरी केवल पानी जम्ने ठाउँ मात्र होइनन्, यिनले जलचर तथा चराचुरुङ्गीको वासस्थान जोगाउँछन् । गर्मी मौसममा गाउँको वातावरण लाई शीतल बनाउन र बाढी वा खडेरी जस्ता प्राकृतिक विपद्को जोखिम कम गर्न यिनको ठूलो भूमिका हुन्छ । कृषिप्रधान धनपालथानका गाउँपालिकाका लागि भूमिगत जलस्तर कायम राख्न पनि पोखरीहरूको 'डिसिल्टिङ' (गहिराइ बढाउने) र तटबन्ध निर्माण जरुरी भइसकेको छ ।

गाउँपालिकाका अध्यक्ष जिवछ प्रसाद गच्छदार भने आगामी दिनमा पोखरीको मुहार फेरिने दाबी गर्छन् । 'पालिका भित्रका मठ, मन्दिर, मस्जिद र चर्चको संरक्षण योजना अनुसार नै भइरहेको छ,अध्यक्ष गच्छदारले स्वीकार गरे, 'पोखरीहरूको हकमा कतिपय अवस्थामा ठेक्काका लागि बोलपत्र आह्वान गर्दा पनि ठेक्का नलाग्ने समस्या भयो । त्यसले गर्दा ध्यान अलि कम पुगेकै हो । तर अब अतिक्रमण हटाएर, विशेष योजना बनाई पोखरीहरूलाई पालिकाको आयआर्जन र पर्यटनको माध्यम बनाउनेछौँ ।'

पुनर्जीवनको पर्खाइ

धनपालथानका यी ऐतिहासिक पोखरीहरू आज मूकदर्शक बनेर आफ्नो अस्तित्वको लडाइँ लडिरहेका छन् । केवल ठेक्का लगाएर माछा मार्ने माध्यम मात्र बनाउनुभन्दा स्थानीय सरकार, समुदाय र सरोकारवाला निकाय मिलेर यसलाई पर्यटकीय र पर्यावरणीय हबका रूपमा विकास गर्नेतर्फ ध्यान दिन जरूरी भइसकेको धनपालथान -२ का वर्ष ५८ को सुर्यदेव मण्डल भन्छन् ।

समयमै पोखरीहरूको नियमित सरसफाइ, वरिवरि वृक्षरोपण र अतिक्रमण नियन्त्रण गर्ने हो भने यिनले धनपालथानको कृषि, वातावरण र अर्थतन्त्रमा कायापलट गर्न सक्छन् । पुर्खाको इतिहास र प्रकृतिको यो उपहारलाई जोगाउनु आजको पुस्ताको सबैभन्दा ठूलो दायित्व हो । अन्यथा, यी पोखरीहरू अतिक्रमणमा परेर भविष्यका पुस्ताका लागि बूढापाकाले सुनाउने एकादेशका कथामा मात्र सीमित हुन बेर छैन ।

## अत्याधुनिक...

उपचार गर्नुअघि नै आवश्यक उपचार प्रक्रिया र क्लिनिकल सीपको पूर्ण अभ्यास तथा तयारी गर्न सक्नेछन् ।

त्यसैगरी क्लिनिकल स्किल्स ट्रेनिङ, सिमुलेसन बेस्ड प्र्याक्टिस, नर्सिङ प्रोसिजर, क्रिटिकल केयर सिमुलेसन, कम्युनिटी हेल्थ केयर तथा डिजिटल लर्निङ रिसोर्स जस्ता अन्तर्राष्ट्रियस्तरका सम्पूर्ण सुविधाले विद्यार्थीहरूलाई सैद्धान्तिक ज्ञानसँगै व्यावहारिक क्लिनिकल दक्षता हासिल गर्न सहयोग पुग्ने विश्वास कलेजको छ । स्कुल अफ नर्सिङलाई चाहिने सम्पूर्ण सुविधा रहेको यसका प्रोग्राम कोर्डिनेटर एसोसिएट प्रोफेसर इन्दु साहले वताए ।

कलेजका अनुसार नयाँ प्रणालीले विद्यार्थीहरूमा आवश्यक सीप, आत्मविश्वास र व्यावसायिक क्षमता विकास गर्न मद्दत पुऱ्याउनेछ । यसबाट भविष्यका नर्सिङ जनशक्ति थप दक्ष, सक्षम र अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका लागि तयार हुने तथा हस्पिटलको सेवा गुणस्तरसमेत थप अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

आगामी दिनमा स्कुल अफ नर्सिङलाई थप प्रविधिमैत्री, अनुसन्धानमुखी, उन्नत, विस्तृत र अन्तर्राष्ट्रियस्तरको शिक्षण केन्द्रका रूपमा विकास गर्दै लैजाने प्रतिबद्धता बिराट मेडिकल कलेज टिचिङ हस्पिटलले जनाएको छ ।

**सन्तुलित जनसंख्या : विकासको आधार**


- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धि सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच वढाऔं,
- किशोर-किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता, विकास र रोजगारीमा जोड दिऔं ।

स्वास्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

**विराटनगर महानगरपालिकाको सूचना**

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

# मलको समस्या समाधान गर

नेपालमा करीब ८५ प्रतिशत मानिस कृषिमा आधारित छ। तर कृषकले हरेक बाली लगाउने वेला मलको समस्या हुने गरकोछ। जसको सिधा मारमा किसानहरु पर्दछन्। धान, मकै, गहुँ तथा तरकारी खेतीका लागि आवश्यक पर्ने युरिया, डीएपी र पोटास मल समयमै उपलब्ध नहुँदा किसानले सास्ती खेप्नुपरेको छ। मलका लागि दिनौँसम्म लाइन बस्नुपर्ने, सीमित परिमाणमा मात्र मल पाउने वा महँगो मूल्यमा कालोबजारीबाट खरिद गर्नुपर्ने बाध्यता किसानमाथि अन्याय मात्र होइन, कृषि उत्पादनमा गम्भीर चुनौती पनि हो। त्यसमा पनि आएको मलमा रानजीति करण, आफन्तवाद, नाता गोतालाई राती(राती मल वितरण गरी कृषि सहकारीहरु र जन प्रतिनिधीहरु असली किसानहरुलाई मारमा पारेका छन्।

सरकारले हरेक वर्ष मल आपूर्तिको योजना बनाए पनि व्यवस्थापनमा देखिएको कमजोरी, खरिद प्रक्रियामा हुने ढिलाइ, अन्तर्राष्ट्रिय बजारमा मूल्य वृद्धि, ढुवानी समस्या तथा वितरण प्रणालीको अव्यवस्थाका कारण मल अभाव दोहोरिँदै आएको छ। किसानलाई आवश्यक परेको समयमा मल उपलब्ध गराउन नसक्नु राज्यको कमजोर योजना र कार्यान्वयनको परिणाम हो। खेतीको समय बितिसकेपछि मल उपलब्ध हुनुको कुनै अर्थ रहँदैन। त्यसैले तीनै तहको सरकारले किसानको लागि मलको व्यवस्थापन समयमै गर्नुपर्छ।

कृषि क्षेत्रलाई देशको आर्थिक विकासको मेरुदण्ड मान्ने हो भने किसानका आधारभूत आवश्यकता समयमै पूरा गर्नुपर्छ। मलको अभाव दोहोरिरहने अवस्था अन्त्य गर्नु सरकारको पहिलो दायित्व हो। किसानले सहज रूपमा, उचित मूल्यमा र आवश्यक समयमा मल पाउने वातावरण निर्माण गर्न सके मात्र कृषि उत्पादन वृद्धि, खाद्य सुरक्षा र आत्मनिर्भर नेपालको लक्ष्य हासिल गर्न सकिन्छ। अब पनि सरकार जिम्मेवार नबन्ने हो भने मल अभावको समस्या वर्षेनी दोहोरिनेछ र त्यसको सबैभन्दा ठूलो मूल्य किसान तथा समग्र राष्ट्रले चुकाइ रहनु पर्नेछ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीगि मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

# सुशासन र डेलिभरीको नयाँ यात्रा

**कमल सुवेदी**

**जनताले सरकारसँग चमत्कार होइन, इमानदार प्रयास खोजिरहेका छन्। भाषणभन्दा सेवा, आश्वासनभन्दा परिणाम र सत्ता परिवर्तनभन्दा शासन परिवर्तन चाहिएको छ। यही अपेक्षालाई सम्बोधन गर्ने साहसिक सुरुवात सरकारले गरेको छ।**

-'सरकारको मूल्याङ्कन उसका भाषणले होइन, नागरिकले अनुभूति गरेका परिवर्तनले हुन्छ।' - यही मान्यतालाई व्यवहारमा उतार्ने प्रयासका रूपमा प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले आफ्नो सय दिनलाई राज्य सञ्चालनको नयाँ संस्कृतिको प्रारम्भका रूपमा स्थापित गर्ने प्रयास गरेको छ।

नेपालको लोकतान्त्रिक यात्राले सात दशकभन्दा बढी समय पार गरिसकेको छ। यस अवधिमा धेरै सरकार बने, धेरै प्रधानमन्त्री फेरिए, कैयौं नीति तथा कार्यक्रम सार्वजनिक भए, तर नागरिकको जीवनमा अपेक्षित परिवर्तन आउन सकेन। सरकार परिवर्तन भइरहे, तर शासन गर्ने शैली परिवर्तन भएन।

मन्त्रालय फेरिए, मन्त्री फेरिए, नीति फेरिए, तर सेवा लिन सरकारी कार्यालय धाउने नागरिकको पीडा उस्तै रह्यो। विकास आयोजनाहरू वर्षौंसम्म अधुरै रहे। भ्रष्टाचारविरुद्ध नाराहरू उठे, तर दण्डहीनताको संस्कृति कमजोर भएन। यही अनुभवले नागरिकमा राज्यप्रति निराशा, राजनीतिक नेतृत्वप्रति अविश्वास र सार्वजनिक संस्थाप्रति दूरी बढाउँदै लग्यो।

यही पृष्ठभूमिमा २०८२ फागुन २१ मा सम्पन्न आमनिर्वाचनबाट नेपाली जनताले नयाँ अनुहार मात्र रोजेका थिएनन्, उनीहरूले नयाँ शासनशैलीको खोजी गरेका थिए। जनादेशको मूल सन्देश स्पष्ट थियो- राजनीति अब सत्ताको प्रतिस्पर्धाभन्दा सेवा, सुशासन र परिणामको प्रतिस्पर्धामा रूपान्तरण हुनुपर्छ।

यस जनादेशलाई आत्मसात् गर्दै सरकारले २०८२ साल चैत १३ गते मन्त्रिपरिषद्बाट 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूची' स्वीकृत गर्‍यो। यो कार्यसूची सामान्य सरकारी कार्यक्रम मात्र थिएन। यसले सरकारको कार्यदिशा, प्राथमिकता र प्रशासनिक संस्कृतिलाई पुनर्परिभाषित गर्ने महत्त्वाकांक्षी खाका प्रस्तुत गर्‍यो।

प्रत्येक मन्त्रालयलाई निश्चित समयसीमा, स्पष्ट जिम्मेवारी, मापनयोग्य कार्यसम्पादन सूचक र नियमित अनुगमन प्रणालीमा आबद्ध गर्ने निर्णय गर्दै सरकारले परिणाममुखी शासन प्रणालीलाई आफ्नो मूल कार्यशैली बनाउने घोषणा गर्‍यो।

यो निर्णयको राजनीतिक अर्थ अत्यन्त गहिरो छ। नेपालमा पहिलो पटक सरकारको सफलताको मापन बजेट खर्चको प्रतिशत, उद्घाटन गरिएका योजनाको सङ्ख्या वा प्रचारात्मक कार्यक्रमले होइन, नागरिकले प्राप्त गरेको सेवाको गुणस्तर र समयमै प्राप्त भएको परिणामबाट हुने आधार निर्माण गर्न खोजिएको छ।

**शासनको केन्द्रमा नागरिक**

लोकतन्त्रको मूल उद्देश्य नागरिकलाई राज्यको मालिक बनाउनु हो। तर विगतका अनुभवले धेरै नागरिकलाई राज्यको सेवाग्राहीभन्दा पनि राज्यको झन्झट बेहोर्ने पात्र बनाएको थियो। एउटा सामान्य नागरिकले नागरिकता बनाउन, राहदानी लिन, सवारीचालक अनुमतिपत्र प्राप्त गर्न वा व्यवसाय दर्ता गर्न अनेकौँ कार्यालय धाउनुपर्ने, अनावश्यक कागजात सङ्कलन गर्नुपर्ने, लामो लाइनमा बस्नुपर्ने र कतिपय अवस्थामा बिचौलियाको सहारा लिनुपर्ने अवस्था सामान्य बनेको थियो।

सुशासनको वास्तविक अर्थ नागरिकलाई राज्यको ढोकासम्म धाउन नपर्ने व्यवस्था निर्माण गर्नु हो। यही सोचका साथ सरकारले नागरिक सेवा केन्द्र, फेसलेस सेवा प्रणाली, समयबद्ध सेवा, राष्ट्रिय परिचयपत्रमा आधारित एकीकृत सेवा तथा जुनसुकै जिल्ला प्रशासन कार्यालयबाट सेवा प्राप्त गर्न सकिने व्यवस्थालाई प्राथमिकता दिएको छ। साथै नागरिक गुनासो व्यवस्थापनका लागि २४ घण्टे बहुच्यानल प्रणाली तथा 'हेलो सरकार' लाई अझ प्रभावकारी बनाउने निर्णय गरिएको छ।

विगतमा राज्य संरचनाको दलीय दोहन, प्रक्रियाकेन्द्रित भ्रष्टाचार र लाइसेन्स राज, सामान्य सेवा लिनसमेत बिचौलियाको शरण पर्नुपर्ने बाध्यताको अन्त्य गर्दै सरकारले नीति, आचरण र संस्थागत सुधारका लागि विश्वसनीय, सदाचारी राज्य निर्माण गर्ने दिशा लिएको छ।

यसले 'सरकार नागरिकका लागि हो' भन्ने लोकतान्त्रिक मूल्यलाई व्यवहारमा उतार्ने प्रयास गरेको छ। नागरिकलाई सेवा लिन बिचौलियाको आवश्यकता नपर्ने, लाइनमा दिनौँ कुर्नु नपर्ने र सरकारी कार्यालयप्रति सकारात्मक अनुभव हुने आधार निर्माण गर्नु आफैँमा ठूलो परिवर्तन हो। विगतमा चार वर्षसम्म प्रिन्ट नभएका लाइसेन्स अहिले २४ घण्टाभित्र प्रिन्ट गरी वितरण गरिएको छ।

त्यसैगरी हुलाक सेवाको स्तरोन्नति गरी नागरिकको घरमै पासपोर्ट पुग्ने व्यवस्था गरिएको छ, यो एउटा सकारात्मक कदम हो। सरकारले नागरिकलाई केन्द्रमा राखी सुशासन र डेलिभरीको योजना र कार्यक्रम अघि बढाएको छ।

**प्रशासनिक सुधार: खर्च घटाउने, क्षमता बढाउने**

सार्वजनिक प्रशासनलाई चुस्त, प्रभावकारी र मितव्ययी बनाउने उद्देश्यले मन्त्रालयको सङ्ख्या घटाउने, दोहोरो संरचना हटाउने, कार्यसम्पादन मूल्याङ्कन लाई परिणामसँग जोड्ने, कर्मचारीको डिजिटल प्रोफाइल तयार गर्ने तथा अनावश्यक प्रक्रिया हटाउने निर्णयहरू गरिएका छन्। सेवा प्रवाहलाई तीन तहभन्दा बढी स्वीकृतिमा नराख्ने र कार्यसम्पादन सूचकका आधारमा कर्मचारी मूल्याङ्कन गर्ने व्यवस्था प्रशासनिक सुधारका महत्त्वपूर्ण कदम हुन्। राज्यको आकारभन्दा राज्यको क्षमता महत्त्वपूर्ण हुन्छ भन्ने मान्यतालाई यी सुधारहरूले बलियो बनाएका छन्।

**डेलिभरीमा आधारित शासन: नयाँ राजनीतिक संस्कृतिको प्रारम्भ**

नेपालमा धेरै सरकारले नीति ल्याए, योजना बनाए, बजेट घोषणा गरे। तर नागरिकले अनुभूति गर्ने गरी सेवा प्रवाह सुधार गर्ने संस्कृतिको अभाव थियो। यसपटक सरकारले पहिलो प्राथमिकतामै परिणाममुखी शासनलाई राख्यो।

प्रत्येक मन्त्रालयलाई समयसीमासहितका प्रमुख कार्यहरू निर्धारण गर्न, जिम्मेवार अधिकारी तोक्न र प्रगति प्रतिवेदन सार्वजनिक गर्न निर्देशन दिइयो। यसले सरकारभित्र उत्तरदायित्व र कार्यसम्पादन संस्कृतिको सुरुवात गरेको छ।

यो प्रशासनिक सुधार मात्र होइन, यो राजनीतिक संस्कृतिको परिवर्तन हो। अब सरकारको सफलता भाषणले होइन, परिणामले मापन हुने आधार तयार भएको छ। रास्वपाले चुनावी वाचापत्रमा पाँच प्राथमिकता राखी नागरिक करार गरेको थियो। एक- सदाचार र असल शासन, दुई- मध्यम वर्गको विस्तार, तीन- काम, काम, काम, चार- कनेक्टिभिटी र पाँच- प्रवासलाई विशेष प्राथमिकतामा राखेको थियो। वाचापत्रदेखि बजेटसम्म आइपुग्दा सरकारले आफ्नो बोली र व्यवहारमा सामञ्जस्य कायम गरेको छ।

नयाँ उद्योग र कलकारखानाको विकासमार्फत रोजगारी सिर्जना हुनेछ जसबाट बाध्यात्मक पलायन घटाउन औपचारिक, सम्मानित, सुरक्षित र समावेशी १२ लाख नयाँ रोजगारी सिर्जना गर्न आईटी, निर्माण, पर्यटन, कृषि, खनिज, उद्योग र सेवा व्यापारमार्फत गर्ने लक्ष्य लिएको छ। यसबाट निजी क्षेत्र अझै चलायमान र गतिशील हुनेछ।

सरकार बनेको सय दिनभित्र नै बर्दियाबाट सुकुम्बासीहरूलाई लालपुर्जा वितरणको कार्य प्रारम्भ भएको छ। सहकारी पीडितहरूको बचत फिर्ता गर्न सुरु गरिएको छ। प्रधानमन्त्रीले नेपालस्थित

बांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरू

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# मगही संस्कृतिमा रहनसहन

**श्याम सुन्दर सुतिहार**

मगही संस्कृतिमा तराईको अन्य जातिसँग मिल्दोजुल्दो नै रहेको छ । यस मगही समाजको स्थायी बसोवास समथर भु भागमा भएकोले एकै ठाँउमा गुजुमुजु तरिकाले घर बनाएर बसोबास गरिरहेको पाइन्छ । त्यसैले बस्तीको सिद्धान्त अनुसार यस्ता बस्तीलाई सघन बस्ती भनिन्छ । यस समुदायको घर आफनो आर्थिक हिसावले बनाए पनि एउटा घडेरीको चारै तिर घर बनाउने र विचमा आंगन राख्ने रत्यसपछि दरवाजा पनि रहन्छ । बसघरा (दलान, गोसाई घर, गोहाली (गोठ) भान्सा घर छुटा छुटै रहन्छ । यस समुदायको संस्कृति संस्कारहरु भौतिक संरचना र आधुनिकिकरणको विकाससँगै लोप हुन थालेको छ । कुनै पनि विधि, रहनसहन, रितिरिवाज, परम्परालाई गहिरो अध्ययन गर्नु पर्छ । अध्ययनले दिएको दिशा निर्देश समाजको लागि महत्वपूर्ण मानिन्छ।

**मगही संस्कृतिमा पहिरण/ पोशाक**

मगही संस्कृतिमा पुरुष तर्फको पहिरण पोषकहरु धोती, गमछा, पगरी, कुर्ता, लंगोटी, कटु प्युंट ( कटु), गंजी, खौरकी, छोरी बच्चाको लागि घघरीआदी रहेको छ भने महिला तर्फ साडी, साया, ब्लाउज आदी रहेका छन् । तर आजकल पोशाकमा पनि परिवर्तन भईरहेको देखिन्छ । नयाँनयाँ डिजाइनले पोशाकलाई प्रभावित गरिरहेको छ ।

**मगहीलोक संस्कृतिहरु**

दैवशक्तिले विवेकशिल मानवको सृष्टि गरेको बताइन्छ । मानवको सृष्टि पछि भूगोल र आश्यकतालेविभिन्न रीतितिथि, संस्कार, संस्कृति, रहनसहन, चालचलन र सभ्यताको रुपमा धर्म, संस्कार र संस्कृतिहरुको जन्म भई विकसित पनि भएको र सो मध्ये केही लोप भएको, केही लोप हुन पनि लागेको र केही समृद्ध पनि भईरहेको देखिन्छ । लोप भईसकेको संस्कृक्हिरुलाई खोज गर्नु पर्ने, लोप हुन लागेकोलाई संरक्षण गर्नुपर्ने आजको आवश्यकता हो । तराई मधेशका जातिहरु प्रकृक्ति पुजक हुन् । तराईका जातिहरु कृक्षिकार, शिल्पीकारको रुपमा चिनिन्छ । तसर्थ, यस समुदायहरुलाई अन्नदाता र प्राणदाताको रुपमा मान्दै आएको देखिन्छ । तराईमा पर्ने जातजातिहरुको संस्कृक्ति क्षिसँग बढी सम्बन्ध राख्दछ । धर्म, संस्कार, संस्कृतिपुर्खाहरुको कर्म, योगदान सीप, कलासँग प्रत्यक्ष रुपमा जोडिएको छ । हामी बसेको भुमी नै हाम्रो भूमि हो। तसर्थ मगही समुदाय आफूलाई भूमिपुत्र मान्दछ ।

समाचकेवा, जाटजटिन, लगपाँचे, डिहवार थान पुजा, अनन्तपुजा, घडी पवनी, चौपारा पुजा, सत्यनारायण पुजा, तुलसी विवाह, सतुआईन, जुडसितल, पिपरको बोटमा महादेव पुजा, बर-पिपल पुजा, अखारी पुजा, गोवरर्धन पुजा, लक्ष्मी पुजा, दुर्गा पूजा, रामनवमी, छैठ पुजा, चौरचन, जितिया, रैव पवनी, सोमवारी, मंगलवारी, कृष्ण जन्म अष्टमी, कुशे औशी, तिला संक्रान्ती, होरी, कुल देवता पुजा, महावीर जयन्ती, विवाह पंचमी, शिवरात्री, सरस्वती पुजा, विश्वकर्मा पुजा, सीता जयन्ती, बुद्ध जयन्ती, लवकुश जयन्ती, सम्राट अशोक जयन्ती आदी रहेको छ ।

मगही संस्कृतिमाबाजाहरु

मगही लोक नृत्य गित, नाच बिभिन्न पुजा पाठहरुमा वा सांस्कृतिक कार्यक्रमहरुमा भजन किर्तन गर्ने चलन रहेको छ । त्यस भजन किर्तनमा हारमुनियम, झयाल, मिरदंग, ढोलक, डम्फा, गुम्कीकाँखमा राखेर झुण्डीयाएर हातको औलाले बजाईन्छ । डफली, बाँसुली (वाँसुरी) मादल, ढोल, तबला, झुनझुना, पिपही, डफला, बसुरी, करनट, सिंघा धु धु, घरी घण्टा, शंज, करताल, झाल, मन्जिरा, खंजुरी, डमरु, मानर, मृदंग, तासा, टिमकी, नगरा, सहनाई, सारङगी, बेन्जो, ओरनी, एकतारा, उपंक, दन्तार आदी रहेका छन् ।

**मगही संस्कृतिमा लोक गीत र लोक नृत्य**

लोकगीत र लोकनृत्य मगही लोक साहित्यका अभिनअंग हो। मगही समुदायमा लोक गीत र लोक नृत्य समृद्ध एवं विकसित रहेको पाइन्छ । सामाचकेवा, जाटजटिन, अषाढ महिनामा खेतमा धान रोप्ने बेलामा गाउने लोकगीत, विवाहमा गाउने लोकगीत, बिभिन्न पुजा पाठमा गाउने लोकगीत, मौसमी (फागु, चैता कजरी, अषाढे, चौहट मेघगीत आदी) लोकगीत, देवी देवता अनुसारको लोकगीत, संस्कार लोकगीत, झुमर लोकगीत, प्रातकालिन लोकगीत (पराती), संध्याकालिन लोकगीत, निर्गुना, भजन, लोरी, लतिफा-लटका आदी । त्यस्तै, उमेर अनुसारको वाल लोकगीत, युवा लोकगीत, बुद्ध अवस्थाको लोकगीत रहेको छ । कर्मको आधारमा पनि लोकगीत रहेको छ । प्रकृक्तिपरक शुद्ध गीत, नाट्य गीत, नृत्य गीत) लोकगीत रहेको छ। हाम्रो समाजमा लोकगीत र लोक नृत्यहरु अहिले पनि गाऊघरमा प्रशस्तै देख्न पाइन्छ । समय अनुसार यसलाई सरंक्षण र संवर्द्धन गर्न पर्ने आवश्यकता रहेको छ । असार महिना गाउने गीतलाई ब्रहमासा लोक गीत भनिन्छ ।

**गीतका प्रकारहरु**

१ संस्कार गीत २ गाथा गीत ३ ऋतु गीत ४ व्यवसाय गीत, ५ व्रतोत्सव वा पर्व गीत६ भजन स्तुति गीत, ७ लिला गीत, ८ बर्गीय गीत, ९ जोग, टोना, मानको गीत, १० विशिष्ट गीत, ११ लोरिया १२ बालक्रीडा गीत, १३ तीर्थ गीत १४ सामयिक गीत ।

**मगही संस्कृक्तिमा लोक नाचहरु**

आल्हा रुदल, रुदलको सौर्यवर्णन, सुरमा सल्हेश, राजा हरिशचन्द्रको नाच, महाभार लोरीक लोकनाच, गोपिचनको नाच, राजा भरथरीको नाच, दिनाभदी लोकनाथ कीर्त्तनिया नाच, भगता नाच, रामलीला, कृष्णलीला, छोकडवाजी नाच आदी ।

**मगही संस्कृतिमा लोरी**

बाल्मीकि रामायण अनुसार त्रेता युगमा माता कौशल्याले रामलाई लोरी सुनाउर गरेको उल्लेख पाइन्छ ।

**मगही संस्कृतिमा परम्परागत हाथहथियार हरु**

यस समुदायले प्राचीनकाल देखी हाथहथियारको रुपमा विभिन्न प्रकारका औजारहर प्रयोग गर्दै आएको देखिन्छ । हाल सम्म पनि यी औजारहरु यस समुदायले आफने आवश्यकता को आधारमा समायानुकुल प्रयोग गरिरहेको देखिन्छ । खास गरेर गाँऊ घरमा यीऔजारहरु प्रयोग भएतापनि शहरिकरणको प्रभावले लोप हुने अवस्थामा पुगेको देखिन्छ । तिर धनुष ( लोप भईसको अबस्था), तरवार, दविया, खन्जर, बैसला "रुखान, गुलेठी, भाला, फरसा, भाला, बरछी, कुरहर, टेङगारी, छुरा, कोदारी रसनचौकी, गरासी, क्रिच, डाइगर, पचकुनिया, हसुवा, हथौरी, कत्ता, चक, टकुवारी आदी रहेका छन् । (मलाई स्मरण छ म बच्चामा बाँसको बतिको तिर र धनुष बनाएर खेल्ने गर्दथे ।) विज्ञानको विकाससँगै परम्पराग हाथहथियारहरु लोप हुन थालेको छ ।

**मगही संस्कृतिमा कृषि सामग्री र औजारहरु**

यस मगही संस्कृति भित्र पर्नेजातिहरुको मूख्य पेशा कृषि पेशा हो ।

कृषि औजारहरु : हलो, कोदालो, फार, पालो, हरलदहा, बैल (गोरुहरु), खुपी, हसियों, खुर्पा आदी हुन् । आधुनिकी कारणले कृषि औजारहरु लोप हुन थालेको छ । गाँउघरमा कृषि औजार उत्पादन गर्ने व्यक्तिहरु अहिले बरोजगार हुन थालेका छन् ।

**मगही संस्कृक्तिमा पेय पदार्थ र धुम्रपान**

पेय पदार्थ : मगही समाजमा पेय पदार्थको विशेष महत्व छ । धर्म र संस्कृति अनुसार पेय पदार्थको उपभोग गर्ने चलन छ । यस समाजमा वैष्णव (शाकाहरी) र केही मांसहारी गरी दुई प्रकारको पेय पदार्थहरु रहेका छन् । । यिनीहरुको पेय पदार्थहरु दुध सातु, रक्सी, मही लगायत थुप्रै प्रकारको पेय पदार्थ मात्र पिउने गर्छ । होलीको समयमा भांगले बनाएको पेय पदार्थ मात्र पिउने गर्छ ।

शाकाहारी पेय पदार्थहरु: सात्, दुध, मही, भांग होलीको अवसरमा:,

**मांशाहारी पेय पदार्थ : दारु, रक्सी**

धुम्रपान : यस मगही समुदायमा धुम्रपान गर्नेको संख्या निकै कम रहेको छ तर पनि पहिले पहिले हुक्का, चिलम, खैनी, विडी, सुपाडी आदीको सेवन गर्ने गरिन्थ्यो। अहिले हुक्का चिलम लोप हुन थालेको छ । सिकरेट विडी भन्दा कम हानिकारक हुक्का हुन्छ। कम हानीकारक पेय पदार्थको सामग्रीहरु लोप हुनु र बढी हानिकारक पेय पदार्थको सामग्रीहरुको संख्या बढनु दुखत कुरा हो। विडी पनि लोप हुने अवस्थामा छ ।

मगही संस्कृतिमा तीर्थस्थलहरु

रामजानकी मन्दिर जनकपुर, बाल्मीकि आश्रम चितवन, कुशलव जन्मेको स्थानमाता सीताले जन्म दिएको स्थान), तिलौराकोट, लम्बिनी (बुद्ध जन्मेको ठाँऊ लुम्बिनी, नेपाल), काठमाण्डौंका विभिन्न लिच्छवीकालिन मठ मन्दिरहरु, बिराटनगरको राजा बिराट दरवार, पशुपतिनाथको मन्दिर, मण्टा पोखरी विराटनगर, धनपाल थान मोरंग, संसारीमाई रंगेली, विभिन्न ग्रामथानहरु, कंकालनी मन्दिर, बराह क्षेत्र, शम्भुनाथ सप्तरी, सलहेश फुलवारी, मानिक दह, पकडीया गढ लहान, गढीमाई बारा, लगायतका थुप्रै सांस्कृतिक एवं धार्मिक स्थलहरु छन् ।

**मगही संस्कृतिमा भूत प्रेत र धामीझाँक्री**

यस मगही समुदायले भूत प्रेत, डायनजोगीन र धामीझाक्री माथि विश्वास गर्दछ ।

**भगही संस्कृतिमा भजन/ किर्तन**

भजन किर्तन मगही समाजको महत्वपूर्ण अंग हो। भजन किर्तन मगही समाजको लोक साहित्य हो । भजनहरु अर्थ र भावले भरिएको हुन्छ । सत्य नारायाण भगवानको पुजा पाठ गर्ने बेलामा भजन किर्तन गर्ने चलन छ । मान्छे मरेको समयमा जलाउन लिएर जाने बेलामा निरगुण गाउने चलन रहेको छ । त्यो निरगुणले मान्छेको जीनवमा भोगेको र कर्म गरे वापत पाउने फलको चर्चा निकै मार्मिक तरिकाले गर्दछ सत्यनारायाण भगवानको पुजा, कुनै शुभ कार्य, अष्टजाममा पनि किर्तन भजन गर्ने परम्परा रहेको छ । भजन एक प्रकारको साहित्य र विज्ञान हो जसलाई हामीले जर्गेना गर्नु आवश्यक रहेको छ । विहान सुतिरहेको बेलामा खाटमा सुति सुति पाराति गाउने चलन छ ।

**परम्परागत यातायातका साधनहरु**

बैल गाडा, कटही गरी, टायर बैल/टायर गरीटाङगा वा टमटम, पालकी, महफा आदी । अहिले यस्ता यातायातका साधनहरु लोप हुन थालेका छन् । अहिले आधुनिक यातायातका साधनहरु हामी प्रयोगमा छ ।




# संघद्वारा रिजाललाई बधाई तथा शुभकामना



मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठी सहित पदाधिकारी र कार्यसमिति सदस्यहरुले संघका निवर्तमान अध्यक्ष नवीन रिजाललाई नेपाल उद्योग वाणिज्य महासंघको केन्द्रीय सदस्य सँगै महासंघको व्यापार समितिको सभापतिमा नियुक्त हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन् ।

गत बैशाखमा सम्पन्न महासंघको साधारण सभा तथा निर्वाचन पश्चात् गठित कार्यसमितिमा संघका निवर्तमान अध्यक्ष रिजाल कार्यकारिणी समिति सदस्यमा मनोनित हुनु भएको थियो भने गत साता महासंघले उहाँलाई व्यापार समितिको सभापतिको महत्वपूर्ण जिम्मेवारी समेत सुम्पेको छ ।

आषाढ १५ गते, सोमबार संघमा आयोजित एक कार्यक्रम बीच संघका अध्यक्ष अनुपम राठीको नेतृत्वमा निवर्तमान अध्यक्ष रिजाललाई बधाई तथा शुभकामना दिइएको थियो । बधाई दिने क्रममा अध्यक्ष राठीले संघमा झण्डै दुई दशक देखि आवद्ध रही रिजालले ३३ औं कार्यसमितिको कुशल नेतृत्व गर्दा सम्म निजी क्षेत्रको हकहित, संरक्षण, सम्वर्द्धन एवं समग्र आर्थिक विकासार्थ पुऱ्याउनु भएको महत्वपूर्ण योगदान प्रेरणादायी र सदा स्मरणीय रहेको बताउँदै उद्योगी/व्यवसायीहरुको पक्षमा सदैव अग्रगामी, सशक्त वकालत तथा निरन्तर क्रियाशील रहनु भएकोमा उहाँको प्रशंसा गर्नु भएको थियो ।

साथै अध्यक्ष राठीले रिजालको प्रखर व्यक्तित्व, लामो अनुभव, कार्यकुशलता र परिणाममुखी कार्यशैलीका कारण महासंघ र व्यापार समितिले एक सबल नेतृत्व पाएको उल्लेख गर्दै उहाँको उपस्थितिले महासंघको नेतृत्व र व्यापार समितिलाई अझ सशक्त, क्रियाशील तथा गतिशील बनाउने विश्वास व्यक्त गर्दै महासंघमा उहाँको प्रतिनिधित्वले संघको गरिमा समेत अभिवृद्धि भएको बताउनु भएको थियो ।

संघमा हाल निवर्तमान अध्यक्षको भूमिकामा रहनु भएका रिजाल यस पटकसहित दोश्रो पटक महासंघको केन्द्रीय सदस्यका रुपमा चयन हुनु भएको हो । उहाँको यस गरिमामय नियुक्तिले मोरङ उद्योग व्यापार संघ मात्र नभई यस क्षेत्रकै निजी क्षेत्रलाई गौरवान्वित तुल्याएको छ ।

खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु

- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधैं ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।



नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

# धनपालथान गाउँपालिका आर्थिक स्वाधीनताको मार्गमा



- दिलीप अग्रवाल

दक्षिण मोरङको समथर भूभाग। जहाँ लोहन्द्रा खोलाले आफ्नै कथा बगाउँछ र स्थानीय हाटबजारहरू मा ग्रामीण जीवनको वास्तविक ढुकढुकी सुनिन्छ। त्यही माटोमा उभिएको छ धनपालथान गाउँपालिका। संघीय शासन प्रणालीले सिंहदरबारको अधिकार गाउँगाउँमा त पुऱ्याउने भन्यो। तर एउटा गम्भीर प्रश्न सँगै ल्याएको छ। आर्थिक रूपमा आफ्नै खुट्टामा उभिन सकेनन् स्थानीय तहलाभने के त्यो अधिकार दिगो होला ?

संघ र प्रदेश सरकारबाट आउने अनुदानको मुख ताकेर मात्रै स्थानीय सरकारको रथ चल्न सक्दैन। यही सत्यलाई धनपालथानले ढिलो नगरी बुझ्यो। अनुदान त संकटको बैशाखी मात्र हो। स्थायी यात्राका लागि आफ्नै गोडा बलियो हुनुपर्छ। यही चेतनाका साथ धनपालथान गाउँपालिकाले यतिबेला परनिर्भरताको पुरानो विरासतलाई तोड्दै, आन्तरिक आयको सुदृढीकरण र राजस्व व्यवस्थापनको नयाँ अध्याय लेख्न सुरु गरेको छ।

गाउँपालिकाको प्रशासनिक बागडोर सम्हालिरहनुभएकी प्रमुख प्रशासकीय अधिकृत रीता खतिवडाको कार्यकक्षमा पुग्दा विकासका खाका र राजस्वका ग्राफहरू स्पष्ट देखिन्छन्। आर्थिक वर्ष २०८२/८३ का लागि गाउँपालिकाले २ करोड ६० लाख रुपैयाँ आन्तरिक आय संकलन गर्ने एउटा महत्त्वकाङ्क्षी यात्रा सुरू गरेको छ।

"हाम्रो आन्तरिक आम्दानी नै हाम्रो वास्तविक सामर्थ्य हो," खतिवडा दृढ स्वरमा अगाडि भन्नुहुन्छ, " धनपालथानको यो आर्थिक इन्जिनलाई चलायमान बनाउने मुख्य इन्धनहरू हुन्– परम्परागत रूपमा संकलन हुने मालपोत, गाउँका चोक-चोकमा लाग्ने बजार ठेक्का, र आकाशतर्फ धुवाँ फ्याँक्दै गरेका इँटा उद्योगका चिम्नीहरूबाट उठ्ने शुल्क। तर, चुनौती उठाउनु मात्र ठूलो कुरा थिएन, उठेको रकम सही ठाउँमा जम्मा हुनुपर्थ्यो। त्यसैले गाउँपालिकाले पुरानो र अपारदर्शी प्रणालीलाई बिदाइ गर्दै राजस्व संकलनलाई डिजिटल र प्रविधिमैत्री बनाएको छ।

"जब प्रणाली पारदर्शी र नागरिकमैत्री हुन्छ, तब करदाताले पनि गर्वका साथ राज्यलाई योगदान गर्छन्। बलियो आर्थिक आधारले नै हाम्रा योजनाहरूलाई समयमै साकार रूप दिन्छ," खतिवडा थप्नुहुन्छ।

**दर होइन, दायरा बढाउने**

गाउँपालिकाका अध्यक्ष जिवछ प्रसाद गच्छदारको कार्यशैली र सोचमा एउटा फरक खालको हुटहुटी देखिन्छ। उहाँ स्थानीय सरकारको स्वायत्ततालाई केवल कागजमा होइन, वित्तीय आत्मनिर्भरतामा नाप्नुहुन्छ।

"केन्द्रको अनुदानले मात्र गाउँ बनाउन खोज्नु भनेको डेराको घरमा आफ्नै मर्जीले फर्निचर फेर्न खोज्नु जस्तै हो," अध्यक्ष गच्छदार एउटा व्यावहारिक उपमा दिँदै भन्नुहुन्छ, "वास्तविक आत्मनिर्भरता त तब मात्र आउँछ जब हामी आफ्नै स्रोतमा बाँच्न सिक्छौँ।"

धनपालथानले करको दर बढाएर जनतालाई आतङ्कित बनाएको छैन, बरु करको दायरा बढाएर राज्यको दायित्व बोध गराएको छ। बजार शुल्क, घरबहाल कर, स्थानीय विज्ञापन करदेखि लोहन्द्रा पुलको ठेक्का व्यवस्थापनसम्म–हरेक क्षेत्रलाई आम्दानीको बलियो खम्बा बनाइएको छ। सबैभन्दा महत्त्वपूर्ण कुरा, पालिकाले राजस्व चुहावट हुने छिद्रहरूलाई कडाइका साथ बन्द गरिएको छ। स्थानीय प्राकृतिक र मानवीय स्रोतको अधिकतम उपयोग गर्ने उद्रदेश्यका साथ सुरु गरिएको यो अभियानले धनपालथानलाई कोशी प्रदेशकै एक अग्रणी र स्वावलम्बी स्थानीय तह बनाउने सपना नेतृत्वले बुनेको छ।

**शासकीय गौरवको कुरा**

राजस्व वृद्धि हुनु भनेको केवल बैंक खातामा अङ्कहरू थपिनु होइन। यसको सिधा सम्बन्ध स्थानीय सरकारको निर्णय क्षमता र शासकीय मनोविज्ञानसँग जोडिएको हुन्छ। जब बजेट आफ्नै हुन्छ, तब सडक बनाउन, शिक्षाको गुणस्तर सुधार गर्न, स्वास्थ्य सेवा बढाउन वा कृषि र सिँचाइमा लगानी गर्न माथिल्लो सरकारको स्वीकृति पर्खिरहनु पर्दैन।

स्वच्छ खानेपानी, व्यवस्थित सरसफाइ, विपद् व्यवस्थापन र सामाजिक न्यायका कार्यक्रम हरूलाई आफ्नै गतिमा कुदाउन यसले मार्गप्रशस्त गर्छ। धनपालथानले अवलम्बन गरेको राजस्व सुधार गुरुयोजना र हाटबजारको आधुनिकीकरणले ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाएको छ। यसले स्थानीय साना व्यवसायीहरूलाई उत्प्रेरित समेत गरेको छ।

परम्परागत रूपमा चल्दै आएको 'माग्ने र बाँड्ने' शासकीय मानसिकताबाट बाहिर निस्कनु आफैँमा एउटा क्रान्ति हो। धनपालथान गाउँपालिका आज त्यही क्रान्तिको संवाहक बनेको छ। वित्तीय अनुशासन, पारदर्शी व्यवस्थापन र जनउत्तरदायी शासन शैलीको त्रिवेणीले यहाँ विकासको नयाँ बिहानी अङ्कुरित हुँन खोज्दैछ।

आफ्नो आन्तरिक आश्यकतालाई आफ्नै पौरख र पसिनाबाट सम्बोधन गर्ने महासङ्कल्पका साथ अघि बढेको धनपालथानको यो यात्रा सहज त पक्कै छैन, तर असम्भव पनि छैन। आत्मनिर्भर स्थानीय सरकार निर्माणको यो यात्राले सिंहदरबारको अत्यधिक नियन्त्रणमुखी चरित्रलाई एउटा शिक्षा दिने र अन्य स्थानीय तहहरूलाई स्वावलम्बनको सुन्दर मार्गचित्र दिनसक्ने सम्भावना देखिन्छ।

# लागुऔषध सहित २८ जना पक्राउ

विराटनगर। कोशी प्रदेश प्रहरीको लागू औषधविरुद्धको महाअभियान अन्तर्गत लागू औषधमुक्त समाज निर्माण गर्ने उद्देश्यका साथ लागू औषधमा संलग्न व्यक्तिहरूलाई पक्राउ गरी कानूनी दायरामा ल्याउने तथा मनोपरामर्श/जनचेतना प्रदान गर्ने उद्देश्यले कोशी प्रदेश प्रहरी कार्यालय तथा मातहतका प्रहरी कार्यालयहरूबाट परिचालित प्रहरी टोलीले लागू औषधमा संलग्न २८ जनालाई पक्राउ गरेको छ। पक्राउ परेका उनिहरूको साथबाट १२ ग्राम ४१ मिलिग्राम ब्राउन सुगर, चरेस ३९ मिलिग्राम र गाँजा ६ किलो २८० ग्राम बरामद गरेको छ।

मोरङको कटहरी गाउँपालिका- २ स्थितबाट प्रहरी चौकी कटहरीले ब्राउन सुगर ७ ग्राम ४१ मिलिग्राम र चरेस ३९ मिलिग्राम सहित प्रदिप सिंह, राकेश सिंह र कटहरी-४ कपिल मुखीयालाई पक्राउ गरेको थियो। इलाका प्रहरी कार्यालय रानी र बुधनगरले जहदा गाउँपालिका-२ बाट जहदा गाउँपालिका-७ का एक बालकलाई गाँजा ६ किलो २८० ग्राम सहित नियन्त्रणमा लिएको थियो। त्यस्तै सुनसरीको धरान- ५ बाट कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर, अस्थाई प्रहरी पोष्ट जोरसखुवा र देउरालीले धरान- ५ का पर्वत दर्जीलाई ५ ग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर, लागू औषध नियन्त्रण ब्यूरो विराटनगर र इलाका प्रहरी कार्यालय इटहरीबाट खटिएको प्रहरी टोलीले सुनसरीको धरान-११ घर भई हाल इटहरी-४ स्थित कोठामा बस्दै आएका दिनेश भट्टराईलाई उनकै कोठाबाट ४ ग्राम २० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो। अस्थायी प्रहरी पोष्ट जोरसखुवा धरानले धरान-७ का रितेश भुजेललाई ३ ग्राम ४० मिलीग्राम ब्राउन सुगर र नगद ४७ हजार सहित र धरान-३ का शंखर गिरीलाई २ ग्राम ८० मिलीग्राम ब्राउन सुगर र नगद ६ हजार रुपैँया सहित पक्राउ गरेको थियो। चेकजाँचकै क्रममा प्रहरी चौकी हिले धनकुटाले संखुवासभा धर्मदेवी नगरपालिका-१ का अनिल घिसिङलाई २५० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

यसै गरी उदयपुरको प्रहरी चौकी लालपत्ताले प्र.१-०५-००१ प ५९७१ नम्बरको स्कुटरमा सवार त्रियुगा नगरपालिका-१० का दिलिप खड्कालाई प्रतिबन्धित औषधी ओपिडोल र स्पास्मो गरी जम्मा ४९० चक्की सहित र इलाका प्रहरी कार्यालय कटारीले प्र. २-०१-००१प ५४७७ नम्बरको मोटरसाईकलमा सवार कटारी-४ का श्याम सहनी र रबिन खड्कालाई तापेन्ताडोल ३ सय चक्की, नगद ३३ हजार रुपैँया सहित पक्राउ गरेको थियो।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर र इलाका प्रहरी कार्यालय पथरीले १९६ ग्राम ४०० मिलिग्राम ब्राउन सुगर सहित बेचबिखनमा संलग्न २ जनालाई पक्राउ गरेको थियो। असार १७ गते मोरङको पथरीशनिश्चरे नगरपालिका-१० मङगलबारेका ३३ बर्षीय मोतिराज लिम्बुको घरमा लागू औषध कारोबार भईरहेको छ भन्ने बिशेष सुचनाको आधारमा खटिएको प्रहरी टोलीले घर खानतलासी गर्दा उक्त घर कोठाबाट १९६ ग्राम ४०० मिलिग्राम ब्राउन सुगर फेला पारी बरामद गरेसगै बेचबिखनमा संलग्न रंगेली नगरपालिका-६ का ३३ वर्षीय मिथुन शाह समेतलाई पक्राउ गरेको थियो।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर र इलाका प्रहरी कार्यालय पथरीले असार १७ गते १९६ ग्राम ४०० मिलिग्राम ब्राउन सुगर सहित मोरङको पथरीशनिश्चरे नगरपालिका-१० मङगलबारेका ३३ बर्षीय मोतिराज लिम्बु र रंगेली नगरपालिका-६ का ३३ वर्षीय मिथुन शाहलाई १९६ ग्राम ४०० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो। यसैगरी मोरङको सुन्दरहरैचा नगरपालिका-६ स्थितमा लागू औषध बेचबिखन भईरहेको छ भन्ने बिशेष सूचनाको आधारमा प्रहरी चौकी गछियाबाट प्रहरी टोली खटिगई चेकचाँच गर्दा सोही स्थानका २१ बर्षीय सुमन लिम्बु र २३ बर्षीय युराज मगरलाई ३६ ग्राम ११ मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो। इलाका प्रहरी कार्यालय बेलबारीले सुन्दरहरैचा-१० बाट सोहि स्थानका भानुभक्त लिम्बु, बिप्लव परियार, सुन्दरहरैचा- ८ का किरण राई र बेलबारी-२ का शुसिल राईलाई ट्रामाडोल स्पास गरी जम्मा ४६० ट्याब्लेट सहित पक्राउ गरेको थियो।

त्यस्तै झापाको झापा गाउँपालिका-४ बाट प्रहरी चौकी टाघनडुब्बा र लागू औषध नियन्त्रण ब्यूरो काकँडभिट्टाले दमक-८ का चन्द्र बहादुर तामाङ र भारत किशनगंजका अब्दुल रहमानलाई २५ ग्राम १९ मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो। प्रहरी चौकी केर्खाले कमल गाउँपालिका-४ बाट गौरादह नगरपालिका-१ का बिक्रम बस्नेतलाई ट्रामाडोल २० क्यापसुल सहित पक्राउ गरेको थियो।

पक्राउ पर्ने सबैलाई सम्वन्धित प्रहरी कार्यालयवाट थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ।

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ।
समय: बिहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म।

## सुशासन...

कूटनीतिक नियोगका राजदूतसँगको सामूहिक भेट र संवादले कूटनीतिक परिपक्वता र सन्तुलित परराष्ट्र नीति अवलम्बन गरेको देखिन्छ ।

राजदूतदेखि विश्वविद्यालयका पदाधिकारी नियुक्तिमा खुला प्रतिस्पर्धाको नीति अख्तियार गरेको छ । मेरिटोक्रेसीको जग बसाल्न 'हाम्रोलाई होइन राम्रोलाई' प्रतिस्पर्धाबाट नियुक्ति गरिँदै छ । यसले सत्ताको र नेताको चाकरी नगरी क्षमता र योग्यता प्रणालीअनुसार नियुक्ति हुन्छ भन्ने जनविश्वास बढ्दै गएको छ ।

वर्षौंसम्म थाती रहेका समस्याहरूलाई किनारा लगाउन केही समय त लाग्छ नै, तर सरकारको नीति, नियत र कार्यशैली स्पष्ट छ । सरकारले निराशाबाट आशा र अविश्वासबाट विश्वासको यात्रामा रूपान्तरण गर्दै छ । वर्षौंसम्म अधुरा र अपूरा विकास निर्माणका कार्य तीन वर्षभित्र पूरा गर्ने अठोट गरेको छ । सरकारले बजेटमार्फत थिति बसाल्ने सङ्कल्पका साथ पोलिसीदेखि प्रोग्रामसम्म प्याराडाइम सिफ्टको गति बढाएको छ । यही गतिमा सरकारले काम गर्दै गएमा आगामी पाँच वर्षमा मुलुकले सुशासन र समृद्धिको बलियो आधारशिला निर्माण गर्ने देखिन्छ ।

डिजिटल नेपालतर्फको निर्णायक पाइला

२१औँ शताब्दीको शासन डिजिटल प्रविधिबिना सम्भव छैन। सरकारले डिजिटल गभर्नेन्सलाई सूचना प्रविधिको विषयका रूपमा मात्र नभई सुशासनको माध्यमका रूपमा लिएको देखिन्छ। 'एक पटक विवरण, सधैँका लागि प्रयोग' स्वत: विवरण भरिने प्रणाली, राष्ट्रिय डिजिटल शासन प्लेटफर्म, डिजिटल हस्ताक्षर, फाइल ट्र्याकिङ प्रणाली, डिजिटल प्रमाणपत्र तथा नागरिक एपमार्फत सरकारी सेवा प्राप्त गर्ने व्यवस्थाजस्ता सुधारहरूले भविष्यको स्मार्ट सरकारको आधार तयार गरेका छन् ।

यदि यी सुधारहरू पूर्ण रूपमा कार्यान्वयन भए भने सरकारी कार्यालयको संस्कृति नै परिवर्तन हुनेछ । नागरिकले सरकारलाई कार्यालयमा होइन, आफ्नै मोबाइलमै भेट्ने अवस्था सिर्जना हुनेछ । सरकारी सेवा लिन कार्यालय धाउनुपर्ने र कर्मचारी भेट्नुपर्ने बाध्यता अन्त्य गरी फेसलेस र कागजविहीन प्रशासनको आधारभूत ढाँचा तयार हुँदै छ ।

भ्रष्टाचार नियन्त्रण: घोषणाबाट प्रणालीतर्फ

नेपालमा भ्रष्टाचारविरुद्ध धेरै भाषण भए, धेरै आयोग बने, तर प्रणालीगत सुधार सीमित रहे । यसपटक सरकारले सम्पत्ति छानबिन समिति गठन, एकीकृत डिजिटल सम्पत्ति अभिलेख ( रजिस्टरी), जोखिममा आधारित निगरानी, राष्ट्रिय सदाचार नीति, सूचनादाता संरक्षण, हितको द्वन्द्व व्यवस्थापन तथा राष्ट्रिय भ्रष्टाचार नियन्त्रण कार्ययोजना लागु गर्ने निर्णय गरेको छ ।

विगतमा राज्य संरचनाको दलीय दोहन, प्रक्रियाकेन्द्रित भ्रष्टाचार र लाइसेन्स राज, सामान्य सेवा लिनसमेत बिचौलियाको शरण पर्नुपर्ने बाध्यताको अन्त्य गर्दै सरकारले नीति, आचरण र संस्थागत सुधारका लागि विश्वसनीय, सदाचारी राज्य निर्माण गर्ने दिशा लिएको छ ।

निजी क्षेत्रसँग विश्वासको सम्बन्ध

आर्थिक विकास सरकार एक्लैले गर्न सक्दैन। निजी क्षेत्र, लगानीकर्ता र उद्यमीहरूको विश्वास अपरिहार्य हुन्छ । यसै सोचका साथ सरकारले दुई दिनभित्र व्यवसाय दर्ता, निजी क्षेत्र संरक्षण रणनीति, लगानीमैत्री वातावरणजस्ता सुधार अघि बढाएको छ । यसले सरकार निजी क्षेत्रलाई नियमन गर्ने मात्र होइन, सहकार्य गर्ने साझेदारका रूपमा अघि बढ्न चाहन्छ भन्ने सन्देश दिएको छ ।

वाचापत्रदेखि बजेटसम्म मध्यमवर्गीय विस्तारलाई महत्त्व दिइएको छ । जसले नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुक बनाउन औसत आर्थिक वृद्धिदर वार्षिक ७ प्रतिशत कायम गर्दै पाँचदेखि सात वर्षभित्र प्रतिव्यक्ति आय कम्तीमा ३ हजार डलर र अर्थतन्त्रको आकारको लक्ष्य सय अर्ब डलर हुने प्रक्षेपण गरिएको छ । यसको कार्यान्वयन गर्न वैकल्पिक विकास वित्त ऐन पारित भइसकेको छ भने विदेशमा बस्ने (गैरआवासीय) नेपालीमार्फत लगानीको वातावरण सिर्जना गर्न 'सार्वभौम डायस्पोरा फन्ड' को परिकल्पना गरिएको छ ।

नयाँ उद्योग र कलकारखानाको विकासमार्फत रोजगारी सिर्जना हुनेछ जसबाट बाध्यात्मक पलायन घटाउन औपचारिक, सम्मानित, सुरक्षित र समावेशी १२ लाख नयाँ रोजगारी सिर्जना गर्न आईटी, निर्माण, पर्यटन, कृषि, खनिज, उद्योग र सेवा व्यापारमार्फत गर्ने लक्ष्य लिएको छ । यसबाट निजी क्षेत्र अझै चलायमान र गतिशील हुनेछ ।

शिक्षा, स्वास्थ्य र सामाजिक उत्तरदायित्व

सरकारले स्वास्थ्य क्षेत्रमा गरिब तथा विपन्न नागरिकका लागि नि:शुल्क बेड व्यवस्था, डिजिटल स्वास्थ्य अभिलेख, सरकारी अस्पतालको सेवा अनुगमन, सस्तो औषधि उपलब्ध गराउने 'सुलभ फार्मेसी' विस्तारजस्ता निर्णयहरू गरेको छ। शिक्षा क्षेत्रमा विद्यार्थी सङ्गठनको दलीय प्रभाव न्यूनीकरण, विद्यार्थी परिषद् स्थापना, परीक्षा प्रणाली सुधार तथा नागरिकताबिना स्नातक तहसम्म अध्ययन गर्न सकिने व्यवस्थालाई प्राथमिकता दिएको छ। यी निर्णयहरूले मानव विकासलाई सरकारको केन्द्रमा राख्ने प्रतिबद्धता देखाउँछन् ।

नागरिकले सम्मानका साथ समयमै सेवा पाउनु, राज्यप्रति विश्वास बढ्नु, लगानीकर्ता ढुक्क हुनु, कर्मचारी उत्तरदायी हुनु र सरकारले बोलेको कुरा समयमा पूरा गर्नु हो । यही संस्कृतिको निर्माण नै आजको नेपालको सबैभन्दा ठूलो राजनीतिक आवश्यकता हो । यदि यो यात्रा निरन्तर अगाडि बढ्यो भने सरकारका पहिलो १०० दिन नेपाल निर्माणको आधारशिला बन्नेछन् ।

१०० दिन कुनै पनि सरकारका लागि सबै परिवर्तन सम्पन्न गर्ने अवधि होइन। यो दिशा देखाउने समय हो । धेरै सुधारहरू अझै कार्यान्वयनको चरणमा छन् । कानुनी संशोधन, प्रशासनिक प्रतिरोध, सीमित स्रोत, सङ्घीय समन्वय र राजनीतिक सहकार्यको चुनौती अझै बाँकी छन् । सरकारले प्रस्तुत गरेको कार्यसूची सफल हुन राजनीतिक इच्छाशक्ति, सक्षम प्रशासन, पारदर्शी अनुगमन र नागरिक सहभागिता उत्तिकै आवश्यक छ । सुधारको घोषणा मात्र पर्याप्त हुँदैन; परिणाम नागरिकले महसुस गर्नुपर्ने हुन्छ ।

आशाको प्रारम्भ

सरकारका १०० दिनलाई पूर्ण सफलता वा असफलताको अन्तिम मापदण्ड मान्न मिल्दैन । तर एउटा कुरा भने स्पष्ट छ, यो सरकारले शासनलाई परिणामसँग जोड्ने, सुशासनलाई प्रशासनिक नाराबाट नागरिकको दैनिक जीवनसँग जोड्ने तथा राज्यप्रतिको विश्वास पुनर्निर्माण गर्ने दिशामा महत्त्वपूर्ण आधार निर्माण गरेको छ ।

जनताले सरकारसँग चमत्कार होइन, इमानदार प्रयास खोजिरहेका छन्। उनीहरूलाई भाषणभन्दा सेवा, आश्वासनभन्दा परिणाम र सत्ता परिवर्तनभन्दा शासन परिवर्तन चाहिएको छ। यही अपेक्षालाई सम्बोधन गर्ने साहसिक सुरुवात सरकारले गरेको छ । अबको यात्रा अझ चुनौतीपूर्ण हुनेछ। सुधारलाई संस्थागत गर्न, कानुनलाई व्यवहारमा उतार्न, प्रशासनलाई उत्तरदायी बनाउन र नागरिकलाई प्रत्यक्ष लाभ पुऱ्याउन सके मात्र यो १०० दिने यात्रा इतिहासमा सफल शासन सुधारको प्रारम्भका रूपमा दर्ज हुनेछ ।

सुशासनको मानक

नागरिकले सम्मानका साथ समयमै सेवा पाउनु, राज्यप्रति विश्वास बढ्नु, लगानीकर्ता ढुक्क हुनु, कर्मचारी उत्तरदायी हुनु र सरकारले बोलेको कुरा समयमा पूरा गर्नु हो । यही संस्कृतिको निर्माण नै आजको नेपालको सबैभन्दा ठूलो राजनीतिक आवश्यकता हो । यदि यो यात्रा निरन्तर अगाडि बढ्यो भने सरकारका पहिलो १०० दिन नेपाल निर्माणको आधारशिला बन्नेछन् ।

देश बनाउँछु भन्दै उदाएका, तर सत्तामा पुगेपछि बिग्रेका दलहरूको लामै इतिहास छ । त्यसबाट रास्वपाको नेतृत्वको सरकारले शिक्षा लिँदै सरकार, संसद् र पार्टीभित्र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिई सुसंस्कृत राजनीतिक अभ्यास अवलम्बन गर्न ढिलाइ गर्नुहुँदैन । इतिहासमा विरलै प्राप्त भन्दै दुईतिहाइको जनादेश पाएको सरकारले जनभावना बुझी जनअपेक्षा पूरा गर्ने दिशामा सरकार अघि बढोस्, सय दिनको शुभकामना । (लेखक प्रतिनिधि सभा सदस्य (सांसद) एवं राज्य व्यवस्था तथा सुशासन समितिका सदस्य हुन् ।) अनलाईन खबरबाट सभार

# क्रिकेट संघलाई जर्सी हस्तान्तरण



विराटनगर । मोरङ उद्योग व्यापार संघले हीरक जयन्तीवर्षको उपलक्ष्यमा एक कार्यक्रमको आयोजना गरी मोरङ बहिरा क्रिकेट संघ, विराटनगरका खेलाडीहरुका लागिजर्सी (खेल पोशाक)हरु सहयोग गरेको छ ।

मोरङ बहिरा क्रिकेट संघको आयोजनामा आगामी दिनमा संचालन हुन गइरहेको चौथो प्रादेशिक क्रिकेट प्रतियोगितामा सहभागी हुने खेलाडीहरुको हौसला अभिवृद्धि गर्ने उद्देश्यले संघले सहयोग स्वरुप ३० थानजर्सी उपलब्ध गराएको छ ।

मोरङ उद्योग व्यापार संघको सचिवालयमा आयोजित उक्त हस्तान्तरण कार्यक्रममा संघका अध्यक्ष अनुपम राठी, वरिष्ठ उपाध्यक्ष अनिलकुमार साह, महासचिव संजय कुमार श्रेष्ठ लगायतका पदाधिकारीहरुको टोलीले मोरङ बहिरा क्रिकेट संघका प्रतिनिधिहरु मोहन तिवारी, अंशु यादव र मोहम्मद साबिर मार्फत उक्त जर्सीहरु हस्तान्तरण गर्नुभएको थियो । सो कार्यक्रममा साङ्केतिक भाषा दोभाषेका रुपमा राधिका न्यौपानेले सहजीकरण गर्नुभएको थियो ।

हस्तान्तरणका क्रममा संघका अध्यक्ष राठीले शारीरिक रुपमा विशेष फरक क्षमता भएका खेलाडी दाजुभाइहरुको मनोबल उच्च राख्न र खेल क्षेत्रमा उनीहरुको विशिष्ट पहिचान स्थापितगर्न सहयोग गर्न पाउँदा संघ परिवार अत्यन्तै हर्षित रहेको बताउदै आगामी दिनहरुमा पनि संघले यस्ता सकारात्मक र खेल प्रवर्द्धन गर्ने कार्यहरुमा आफ्नो सहयोग र सहकार्यलाई निरन्तरता दिने बताउनु भएको थियो ।

त्यस्तै, मोरङ बहिरा क्रिकेट संघका तर्फबाट मोहन तिवारीले मोरङ उद्योग व्यापार संघको तर्फबाट प्राप्त उक्त सहृदयी सहयोग र सकारात्मक कदम प्रति आभार व्यक्तगर्दै त्यसबाट खेलाडीहरुमा नयाँ उर्जा थपिएको र आगामी प्रतियोगितामा खेलाडीहरुलाई अझ उत्कृष्ट प्रदर्शन गर्न हौसला प्रदान भएको बताउनु भएको थियो ।


## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर


# नौं जना प्रहरी पुरस्कृत

धनकुटा । कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले जिल्ला प्रहरी कार्यालय धनकुटाको निरीक्षण भ्रमणको क्रममा उत्कृष्ट कार्य गर्ने ९ जना प्रहरी कर्मचारीहरुलाई पुरस्कृत गरेको छ ।

असार १९ गते भएको निरीक्षण भ्रमण कार्यक्रममा वँहाले कार्यालय भवन, सम्पुर्ण शाखाहरुको निरीक्षण गर्नुका साथै कार्यरत प्रहरी कर्मचारीहरुलाई आवश्यक निर्देशन समेत दिएकोछ । । निर्देशन सम्बोधनको क्रममा वँहाले समाजमा अपराध नियन्त्रण गरी शान्ति सुरक्षा कायम राख्ने कार्यमा आपसी भाईचारा तथा सहयोगी भावनाका साथ आचरण व्यवहारमा सुधार ल्याई आफ्नो काम कर्तव्य, जिम्मेवारी तथा अधिकारको पालना गरी संगठनको हित र उद्धेश्यलाई सदैव प्राथमिकतामा राखी नागरिकमैत्री प्रहरी सेवा प्रदान गर्न निर्देशन दिएका थिए ।

यसै गरी वहाँले धनकुटा जिल्लाका बिभिन्न स्थानका डाँडा पाखामा प्राकृतिकरुपमा उम्रिएका र लगाईएका गाँजाका बोट तथा विरुवाहरुलाई फडानी गरी नष्ट गर्न तथा लागू औषध गाँजाको ओसारपसारलाई नियन्त्रण गर्न निर्देशन दिएका थिए ।

सोही क्रममा जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक नारायण रंजितकारले जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था र प्रहरीद्वारा सम्पादित विविध गतिविधिको बारेमा प्रदेश प्रहरी प्रमुखलाई अवगत गराएको थियो ।